नयाँ संविधानमा
बालअधिकारको सुनिश्चितता

"बालअधिकार सबैको सरोकार"

पृष्ठभूमि

दश वर्षे सशस्त्र द्वन्द्वमा बालबालिकाहरू सबैभन्दा बढी प्रभावित भए। यही सशस्त्र द्वन्द्वकै क्रममा लगभग चार सयको हाराहारीमा बालबालिकाको मृत्यु भयो भने घाइते, अङ्गभङ्ग, अभिभावकविहीनता तथा अन्य किसिमबाट पीडित हुनेहरूको विवरण हालसम्म सङ्कलन नै हुन सकेको छैन। द्वन्द्वका कारण यसरी प्रभावित भएका बालबालिकाहरूको सवालहरू शान्ति प्रक्रियाका लिखित दस्तावेज तथा सम्झौताहरूमा यथोचित सम्बोधन हुन सकेको छैन। आन्तरिक विस्थापन, बाह्य पलायन तथा बाध्यात्मक बसाइसराइको समस्या समाधानतर्फ केही सकारात्मक प्रयासहरू भएपनि द्वन्द्वका कारण अभिभावकसँगै विस्थापित भएर जीवनयापन गरिरहेका बालबालिकाहरू अझैपनि अधिकारविहीन अवस्थामा बाँचिरहेका छन्।

द्वन्द्वसँग सरोकार नराख्ने बालबालिका यसरी द्वन्द्वबाट प्रभावित भएको स्थिति एकातिर छ भने अर्कोतिर देशका सम्पूर्ण बालबालिकाको अवस्था पनि अधिकार प्राप्तीको दृष्टिकोणले उत्साहजनक हुन सकेको छैन, जुन कुरा तथ्याङ्कबाट बुझ्न सकिन्छ।

बालबालिकासम्बन्धी ती तथ्याङ्क विश्लेषण गर्दा यस अवस्थामा सुधार गर्न सरकार तथा सरोकारवाला पक्षहरूले बालअधिकारको सवाललाई प्राथमिकतामा पारी योजना बनाउन र त्यसको पूर्ण कार्यान्वयन गर्न जरुरी देखिएको छ। तर लोकतान्त्रिक शासन व्यवस्था अपनाइएको एक वर्षको अवधिमा बालअधिकारको स्थितिलाई सुदृढ गर्नेतर्फ सरकारले उल्लेखनीय कदम चाल्न नसकेको देखिन्छ। देशको वर्तमान तथा भविष्य दुवै भनेर चिनिने बालबालिकाको बारेमा यसरी सधैभरी बेवास्ता मात्रै गरिरहने हो भने यो भुल, देशको लागि अत्यन्तै ठूलो नोक्सानीको रूपमा परिणत हुन सक्छ।

क्र.सं.	विवरण	अवस्था
१.	१६ वर्ष मुनिकाको संख्या	कूल जनसंख्याको ४०.९३ प्रतिशत
२.	बालकको संख्या	कूल बालबालिकाको ५०.९७ प्रतिशत
३.	बालिकाको संख्या	कूल बालबालिकाको ४९.०३ प्रतिशत
४.	विद्यालयभन्दा बाहिर रहेका बालबालिका	१३ प्रतिशत
५.	भर्ना भएर पनि प्राथमिक शिक्षा पुरा नगर्ने	भर्ना भएका मध्ये ५० प्रतिशत
६.	विभिन्न प्रयोजनका लागि भारतलगायत अन्य देशमा बालबालिकाको बेचबिखन	१२ हजार (वर्षेनी)
७.	विभिन्न श्रममा संलग्न बालबालिकाहरू	करिव २६ लाख
८.	निकृष्ट श्रममा संलग्न बालबालिका	१२ लाख ७ हजार
९.	सडक बालबालिका	५ हजार (वर्षेनी)
१०.	बालविवाह	कूल विवाहको ३४ प्रतिशत
११.	धर्म सन्तानको रूपमा विदेशिने	वार्षिक ४ सयको हाराहारी
१२.	खोपसेवा पाएका बालक	७६.०२ प्रतिशत
१३.	खोपसेवा पाएका बालिका	७४.९९ प्रतिशत
१४.	सरकारी बाल अस्पताल	१ वटा (राजधानी)
१५.	कुपोषणबाट ग्रसित बालबालिका	४० प्रतिशत
१६.	जन्मदर्ता हुने बालबालिका	३३ प्रतिशत
१७.	अपाङ्गता भएका बालबालिका	३४ हजार ६३०

श्रोतः केन्द्रीय बालकल्याण समितिद्वारा प्रकाशित प्रतिवेदन "नेपाली बालबालिकाको स्थिति २०६३"/नेपाल बालमजदुर सरोकार केन्द्र (सिविन) द्वारा प्रकाशित प्रतिवेदन

यस प्रकाशनको आवश्यकता

- हाल देशमा "नयाँ नेपाल निर्माण" को प्रसंग व्यापक रूपमा चलिरहेको छ।
- नयाँ संविधान निर्माणका लागि संविधानसभाको चुनावको कतिपय प्रक्रियाहरू सुरु भइसकेका छन्।
- नयाँ संविधानमा बालबालिकाका सवाललाई प्राथमिकतामा पार्ने दायित्व राज्य, राजनीतिक दल तथा अन्य सरोकारवाला निकायको हो र यसमा सहयोग पुऱ्याउने जिम्मेवारी सम्पूर्ण वयस्कहरूको पनि हो।
- यति हुँदाहुँदै पनि देशमा भइरहेका हरेक गतिविधिप्रति बालबालिका स्वयम्ले पनि जिज्ञासा तथा चासो राख्दै ती विषयवस्तुहरूबारे जानकार हुनै पर्दछ।
- नयाँ सवालहरू जस्तै संविधान भनेको के हो ?, संविधानसभा भनेको के हो ? नयाँ संविधान किन चाहियो ? संविधानमा बालबालिकाका कुराहरू समावेश गर्नलाई क-कसको के के भूमिका हुन्छ ? लोकतन्त्र भनेको के हो ? लोकतन्त्रमा के के कुराहरू सुनिश्चित हुनुपर्दछ ? आदि कुराहरू बारेमा आफ्नो उमेर अनुसारको बुझाई बालबालिकाहरूले पनि राख्नु पर्दछ।
- तर अहिले देशको नयाँ परिवेश अनुसार विविध विषयवस्तुहरूसम्बन्धी जति पनि कुराहरू प्रकाशनको रूपमा बाहिर आएका छन् तिनीहरू बालबालिकाप्रति लक्षित गरिएका छैनन्।
- ती प्रकाशनहरू विशेष गरी बालबालिकाले बुझ्ने र उनीहरूको पहुँच पुग्ने भन्दा पनि ठूला ठूला किताबहरू बिक्री गर्ने किसिमबाट प्रकाशित भएका छन्।

- तसर्थ बालबालिकाहरूले बुझ्ने भाषामा नयाँ सवालका आवश्यक विषयवस्तु समावेश गरी उनीहरूलाई सचेत बनाउन तथा सरकार, राजनीतिक दल र अन्य सरोकारवालाहरूलाई बालबालिकाका सवालहरू प्राथमिकतामा पार्न सुझाव दिने उद्देश्यले यो प्रकाशन तयार गरिएको हो।

लोकतान्त्रिक शासन व्यवस्था के हो ?

जनताका लागि जनताद्वारा चुनिएका प्रतिनिधिले जनताले चाहेको ढाँचामा सञ्चालन गरिने शासन नै लोकतान्त्रिक शासन हो। यस शासन व्यवस्थामा सबैभन्दा शक्तिशाली जनतालाई नै ठानिएको हुन्छ। यसमा सबै जनताबीच अवसरको समानता, राज्य सञ्चालनका लागि सबै वर्ग तथा समूहहरूको प्रतिनिधित्व, आफूलाई लागेको कुरा भन्न पाउने तथा आफूले नागरिकका हैसियतले जान्न चाहेका विषयमा जानकारी हासिल गर्ने लगायतका अधिकार प्रत्याभूति गरिएको हुनुपर्दछ। यस व्यवस्था अर्न्तगत राजनीतिक दलहरूको भूमिका महत्वपुर्ण हुन्छ। शान्तिपुर्ण राजनीतिका लागि दलहरू खोल्न तथा आफ्ना क्रियाकलापहरू अघि बढाउन सबै स्वतन्त्र हुन्छन्। यिनै राजनीतिक दलहरूले समग्र जनताको प्रतिनिधित्व गरेर जनताकै भावना अनुसार देशको शासन सञ्चालन गरेका हुन्छन्।

संविधान भनेको के हो ?

देशको शासन व्यवस्था सञ्चालनकोलागि बनाइने मुख्य कानुनलाई संविधान भनिन्छ। संविधानलाई देशको मूल कानुन पनि भन्ने गरिन्छ।

संविधान

संविधानका आधारमा देश सञ्चालनका लागि आवश्यक पर्ने अन्य ऐन, नियम, विनियम तथा निर्देशिकाहरू बनाइने हुनाले यसलाई मूल कानून भनिएको हो। त्यसैले संविधान र त्यसका अधीनमा रहेर बनाईएका अन्य कानुनका आधारमा देशको सम्पूर्ण शासन व्यवस्था चल्ने हुनाले संविधानको धेरै नै ठूलो महत्व रहेको हुन्छ।

संविधान कस्तो हुनुपर्छ ?

जनताले इच्छा गरेबमोजिमबाट देश सञ्चालन गर्न संविधान पनि जनताकै भावनालाई समेटेर बनाइएको हुनुपर्छ अथवा देशमा रहेका सबै जनताहरूले यो संविधान बनाउने क्रममा 'म पनि सहभागी भएको छु र मैले चाहेका कुराहरू यसमा समेटिएका छन्' भनेर विश्वास गर्न सक्ने हुनुपर्छ। यदि यस किसिमबाट संविधान तयार गरिएको छ भने त्यस्तो संविधानलाई जनताद्वारा निर्मित संविधान भन्न सकिन्छ। संविधान निर्माणको क्रममा आफ्नो पनि योगदान छ भन्ने सम्झेर त्यस्तो संविधानलाई जनताले आफ्नो संविधान ठान्छन् र त्यसको पालना र संरक्षण गर्नु आफ्नो जिम्मेवारी महसुस गर्दछन्।

संविधान निर्माणमा जनता कसरी सहभागी हुने ?

संविधान जनताले बनाएको हुनुपर्छ भन्नुको अभिप्राय देशका सबै जनता एकै ठाउँमा प्रत्यक्ष रूपमा भेला भएर संविधान लेख्ने भन्ने कुरा होइन। र, यो सम्भव पनि हुँदैन। यसका लागि देशमा भएका जाति,

भाषा, लिङ्ग, क्षेत्र आदि हरेक पृथक समुदायका प्रतिनिधिहरूलाई चुनावको माध्यमद्वारा जनताले प्रतिनिधि छनौट गरेर पठाउँछन्। त्यो निर्वाचित जनप्रतिनिधिले आफ्नो समुदायको भावना र चाहनालाई संविधान बनाउने क्रममा अभिव्यक्त गर्दछन्। यसरी सबै समूहका प्रतिनिधिहरूले आ-आफ्नो समुदायका कुराहरू त्यसमा संलग्न गराएपछि त्यो संविधानभित्र सबै जनताका आकांक्षा अटाएको हुन्छ र त्यसलाई सबैले आफ्नो हो भनेर आत्मसात गर्दछन्। संविधानसभाका लागि जनताको मुख्य भूमिका भनेको प्रतिनिधि छानेर पठाउने हो। हरेक समुदायका जनताहरूले "हाम्रा कुराहरू संविधानभित्र पारिदेउ है" भनेर आ-आफ्ना प्रतिनिधिहरू चुनेर पठाउने हुनाले र ती प्रतिनिधिहरूले तिनै समुदायका कुरा संविधानमा समावेश गर्ने हुनाले संविधान निर्माणमा सम्पूर्ण जनताको सहभागिता रहन्छ। जनता सहभागी भएर बनाएको संविधानले सरकार र संविधानभित्र रहेका

संस्थाहरूलाई केही अधिकार दिएको हुन्छ, बाँकी सम्पूर्ण अधिकारहरू नेपाली जनतामा नै सुरक्षित रहन्छ। उनीहरूले आफूमा रहेको अधिकार जुनसुकै बेलामा पनि प्रयोग गर्न सक्दछन्।

संविधानसभा भनेको के हो ?

संविधान निर्माणकोलागि चुनावको माध्यमद्वारा जनताबाट चुनिएर गएका जनप्रतिनिधिहरूको सभालाई नै संविधानसभा भनिन्छ। बालिग मताधिकारको आधारमा छानिएका जनप्रतिनिधिहरूले सम्पूर्ण जनताको तर्फबाट संविधानसभामार्फत संविधानको निर्माण गर्दछन्। यस क्रममा निर्वाचित प्रतिनिधिहरूको सभाले सर्वप्रथम संविधानको मस्यौदा कुन आधारमा गर्ने भन्ने कुरामा एउटा बृहत् संवैधानिक मान्यता स्थापित गर्दछ र संविधान मस्यौदा कमिटी गठन गर्दछ। त्यो कमिटी त्यही सभाका मान्छेहरू वा बाहिरका विशेषज्ञहरू ल्याएर पनि बन्न सक्दछ। मस्यौदा कमिटीले संविधानको मस्यौदा तयार गरी सभामा पेश गर्दछ। सभाले कतिपय कुरा सर्वसम्मत र कतिपय मतदानको प्रक्रियाबाट अन्तिम निष्कर्षमा पुग्दछ र उक्त सभाबाट जनताकैतर्फबाट संविधानको घोषणा गरिन्छ।

संविधानसभा कहिलेसम्म कायम रहन्छ ?

नयाँ संविधान निर्माणकै लागि संविधानसभाको निर्वाचन हुने भएकाले साधारणतया संविधानको निर्माण तथा यसको घोषणा गरेपछि संविधानसभा भङ्ग हुन्छ। तर कतिपय देशमा संविधानसभा संसदमा रूपान्तरण भएका उदाहरूणहरू पनि पाईन्छन्। नेपाल अधिराज्यको अन्तरिम संविधान २०६३ को भाग ८ को धारा ८२ अनुसार "निर्वाचित

संविधानसभाले अन्तरिम व्यवस्थापिकाको समेत काम गर्नेछ र अर्को संसदीय निर्वाचन नहुन्जेलसम्म यसले बनाएको संविधानबमोजिम हुनेछ" भनिएको छ। तरपनि मुख्य रूपमा संविधानसभाको पहिलो र प्राथमिक दायित्व जनताले चाहेबमोजिमको संविधान निर्माण गर्नु नै रहेको हुन्छ।

संविधानसभासम्बन्धी प्रक्रियामा बालबालिका कसरी सहभागी हुने ?

संविधानसभाको निर्वाचनमा बालबालिकाहरू वयस्क सरह सहभागी हुन सक्दैनन्। १८ वर्ष पुगेकाले मात्र मतदान गर्न पाउने हुनाले बालबालिकाले त्यो अधिकार पाउँदैनन्। संविधानसभाका लागि समानुपातिक पद्धतिको आधारबाट अरु विभिन्न समुदायहरूको प्रतिनिधित्व सुनिश्चित गरिन्छ तर बालबालिका त्यो क्षेत्रभित्र पनि पर्दैनन्। त्यसैले प्रत्यक्ष प्रतिनिधित्व नभएका आधारमा संविधान निर्माणका बेला बालबालिकाका सवालहरूलाई कसले र कसरी उठाउने भन्ने बारे आशङ्काहरू हुन सक्दछन्। संविधान निर्माणको प्रक्रियामा संविधानसभाका सदस्यहरूमध्येबाट विभिन्न विषयगत समितिहरू गठन गरिन्छन् र यी समितिहरूले जनतासित प्रत्यक्ष या अप्रत्यक्ष माध्यमद्वारा आ-आफ्ना विषयहरूमा सम्पर्क कायम गरी सुझाव सङ्कलन गर्छन्। यस प्रक्रियामा भने बालबालिकाहरूले पनि सुझाव दिएर आफ्ना सवाललाई संविधानमा पार्न भूमिका निर्वाह गर्न सक्दछन्। यस बाहेक बालअधिकारलाई संस्थागत गर्ने जिम्मेवारी वयस्कहरूको हो। अवको नयाँ नेपाल निर्माणको हरेक प्रक्रियामा जिम्मेवार सबै निकायहरूबाट बालअधिकारका सवालहरूलाई उच्च प्राथमिकताकासाथ योजनामा समावेश गरिनुपर्दछ।

बालअधिकार प्रवर्द्धनमा सरकारको भूमिका

अधिकारलाई कार्यान्वयन गराउने क्रममा शासन सञ्चालन गर्ने सरकारको सबैभन्दा ठूलो भूमिका हुन्छ। संविधानसभाको प्रक्रियामा अरु समुदायको जस्तो प्रत्यक्ष प्रतिनिधित्व बालबालिकाको नहुने र उनीहरू आफैले आफ्ना कुरा राख्न यथोचित दवाव पनि दिन नसक्ने हुनाले बालअधिकार विशेषज्ञको समिति गठन गरी सरकारले बालबालिकाको सुझाव संङ्कलन गर्ने र त्यसलाई संविधानमा समेट्ने प्रक्रिया अवलम्बन गर्नुपर्दछ। यसबाहेक १० वर्षसम्म सशस्त्र द्वन्द्व सञ्चालन गरेको नेकपा (माओवादी) पनि अन्तरिम सरकारमा सामेल भएको हुँदा शान्ति प्रक्रियाका हरेक चरणमा बालअधिकारका कुरालाई पहिलो प्राथमिकतामा पार्ने भूमिका निर्वाह गर्नुपर्दछ। किनभने द्वन्द्वका कारण सबैभन्दा बढी नकारात्मक असर बालबालिकालाई नै परेको छ। यसका लागि निम्नलिखित बुँदाहरूमा बढी ध्यान पुऱ्याउनु जरुरी छ :

- बाँच्न पाउने अधिकार सुनिश्चित भएपछि मात्र अन्य अधिकारहरूको कुरा आउने हुनाले देशका सबै बालबालिकाको स्वास्थ्य सेवा पहुँच बृद्धि तथा सर्वसुलभ गराउने।
- आठ कक्षासम्मको शिक्षालाई प्राथमिक शिक्षा तय गरी उक्त शिक्षालाई अनिवार्य, निःशुल्क तथा गुणस्तरीय बनाउने।
- बालअधिकार महासन्धिमा उल्लेख भएका अधिकारहरूको पूर्ण कार्यान्वयनका लागि नपुग कानुनी प्रावधानहरू थप गर्दै भएका कानूनहरूको कार्यान्वयन पक्षलाई सुदृढ बनाउने।
- बालबालिकामा मानवअधिकार तथा शान्ति संस्कृतिको विकास गर्न ती विषयहरू विद्यालय पाठ्यक्रममा समावेश गर्ने
- शान्ति तथा पुर्ननिर्माण प्रकृयामा बालिबालिकाका विषयलाई विशेष प्राथमिकता दिने।

- ध्वस्त भएका विद्यालयहरूको पुनर्निर्माणमा विशेष प्राथमिकता दिने।
- द्वन्द्व प्रभावित तथा सशस्त्र समूहमा आवद्ध बालबालिकाको पुनर्एकीकरणको कार्यलाई विशेष प्राथमिकताकासाथ अगाडि बढाउने र उनीहरूलाई शिक्षाको व्यवस्था गर्ने।
- विस्फोटक पदार्थसम्बन्धी जनचेतना जगाउने, त्यसको सही व्यवस्थापन तथा नष्ट गर्ने।
- विस्फोटक पदार्थबाट पीडित बालबालिकाको उपचारमा सहयोग गर्ने।
- द्वन्द्वका क्रममा अभिभावकविहीन भएका बालबालिकाको संरक्षण तथा शिक्षाको विशेष प्रवन्ध गर्ने।

- "विद्यालयलाई शान्तिस्थलका रूपमा कायम गर्ने" घोषित कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गर्ने साथै "बालबालिकालाई शान्ति क्षेत्र" को रूपमा स्थापित गराउने।
- संविधानसभामा बालबालिकाको आवाज सङ्कलन गर्ने र सोलाई यथोचित मान्यता दिने संयन्त्रको निर्माण गर्ने।

राजनीतिक दलको भूमिका

देशका सबै राजनीतिक दलहरूले बालअधिकार प्रबर्द्धनलाई आफ्नो मूल एजेण्डा बनाउनु पर्दछ। राजनीतिक दलहरूका प्रतिनिधि नै सरकारमा सहभागी हुने भएकाले सबै राजनीतिक दलहरूले बालबालिकाका सवाललाई प्राथमिकतामा पारे भने सरकारमा उक्त सवालले आप्सेआफ प्राथमिकताको दर्जा पाउँदछ। एवम्रितले नयाँ वन्ने संविधानमा पनि ती कुराहरू प्रतिविम्वित हुन सक्दछ। त्यसैले सबै राजनीतिक पार्टीका संविधानसभाको चुनावी घोषणापत्रमा निम्नलिखित कुराहरू समावेश गरिनुपर्दछ।

- स्वास्थ्यको अधिकार सबै बालबालिकासमक्ष पुऱ्याउन प्रभावकारी संयन्त्र तथा उचित व्यवस्थापन गरिनेछ।
- सम्पूर्ण बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गराइने तथा कम्तिमा आठ कक्षासम्मको शिक्षालाई प्राथमिक शिक्षा निर्धारण गरी निःशुल्क, अनिवार्य तथा गुणस्तरीय बनाइने ।
- "बालबालिका शान्ति क्षेत्र हुन्" भन्ने राष्ट्रिय प्रतिबद्धता तथा अन्तर्राष्ट्रिय मान्यतालाई संवैधानिकरूपमा मान्यता दिलाउन संविधानसभापछि बन्ने संविधानमा यससँग सम्बन्धित छुट्टै प्रावधान समावेश गरिनेछ।
- बालअधिकार हनन तथा बालबालिका जोखिममा पर्ने कुनै पनि

कार्य भएगरिएमा त्यसलाई दण्डनीय अपराध घोषित गर्ने कानुनी व्यवस्था मिलाउन प्राथमिकता दिइनेछ।

- बालबालिकासँग प्रत्यक्ष सम्बन्ध भएका विद्यालय, स्वास्थ्य केन्द्र, क्रिडास्थललगायतका क्षेत्रलाई कुनै पनि प्रकारको सशस्त्र गतिविधिबाट मुक्त राख्ने र त्यस्ता स्थानमा हुने/गरिने सशस्त्र गतिविधिलाई दण्डनीय अपराध घोषित गर्न कानुनी व्यवस्था गरिनेछ।
- बालअधिकारको निर्वाध उपभोगका लागि आवश्यक वातावरण निर्माण गर्नका लागि राष्ट्रिय प्राथमिकतामा पारी साधन स्रोतको विनियोजन गरिनेछ।
- बालअधिकारका लागि गठित निकाय तथा संरचनाहरूलाई आफ्नो दलगत स्वार्थपूर्ति गर्न हस्तक्षेपको शिकार बनाइने छैन।
- १८ वर्ष भन्दा कम उमेरका बालबालिकालाई सशस्त्र फौज वा समूहमा आबद्ध गराउने कार्यलाई दण्डनीय अपराध घोषित गर्ने कानुनी व्यवस्था मिलाउन प्राथमिकता दिइनेछ साथै हाल आबद्ध भएकालाई तत्काल फिर्ता गर्न विशेष पहल गरिनेछ।
- बालअधिकार महासन्धिमा उल्लेख भएका प्राबधानहरूको पूर्ण कार्यान्वयनका लागि अपुग कानुनी प्रावधानहरू थप गरिनेछ र भएकाको कार्यान्वयन पक्षलाई सुदृढ बनाइने छ।
- बालबालिकालाई जोखिम हुनसक्ने कुनैपनि राजनीतिक क्रियाकलापमा प्रयोग गरिने छैन।
- विद्यालय समयमा विद्यालय परिसरमा कुनैपनि किसिमको राजनीतिक भेला तथा कार्यक्रम आयोजना गरिने छैन।
- संविधानसभा निर्वाचनको कुनैपनि गतिविधिमा बालबालिका तथा विद्यालयलाई प्रयोग गरिने छैन।

- संविधानसभमार्फत बन्ने नयाँ संविधानमा बालअधिकार सुनिश्चित गरिनेछ।

नागरिक समाजको भूमिका

अब बन्ने संविधानमा बालअधिकारको सुनिश्चितताकोलागि मुख्य गरी बालअधिकारको क्षेत्रका कार्यरत संस्था तथा व्यक्तिहरूको भूमिका विशेष रूपमा उल्लेखनीय हुन्छ। उनीहरूले निम्नलिखित विषयहरूमा आफ्ना क्रियाकलापहरू केन्द्रित गर्नुपर्दछ।

- संविधानसभाको बारेमा जनतालाई सचेतना प्रदानका लागि सहयोग पुऱ्याउने।
- बालअधिकारलाई नयाँ संविधानमा किन प्राथमिकताकासाथ समेट्नु जरुरी छ त्यसको प्रचार गर्ने।
- बालबालिकाका सवालहरूको सङ्कलन कसरी गर्ने भन्ने बारे सरकारलाई सुझाव दिने।
- बालबालिकाको सुझावहरू सङ्कलनको लागि प्रभावकारी संयन्त्र नबनेसम्म आवाज उठाइरहने।
- बालबालिकाका विषयसँग सम्वन्धित संविधानसभाको समितिले मागेका बेला आफ्नो तर्फबाट सुझावहरू प्रस्तुत गर्ने।
- समितिमार्फत आफूले दिएका सुझावहरू संविधानमा समावेश भए नभएको बारेमा निगरानी गर्ने र नभएको पाइएमा राख्नका लागि दवावमूलक कार्यक्रम गर्ने।
- नयाँ संविधानमा बालअधिकारबारेका के के कुराहरू कसरी समेटिएका छन् त्यसको व्यापक प्रचार गर्ने।
- जन सचेतनाका साथै नीति निर्माणमा दवाव पुऱ्याउने किसिमबाट

हरेक संचार क्षेत्रले संविधानमा बालबालिकाको अधिकारलाई संस्थागत गराउन भूमिका निर्वाह गर्ने इत्यादि।

बालबालिका स्वयम्को भूमिका

- देशमा भइरहेको लोकतान्त्रिक गतिविधिबारे जान्नबुझ्न उत्सुक हुने,
- लोकतान्त्रिक व्यवस्था, संविधान तथा संविधानसभा लगायत नयाँ विषयवस्तुसम्बन्धी प्रकाशनहरू अध्ययन गर्ने,
- आफूले जानेका कुराहरू आफ्ना अभिभावक तथा समुदायमा पनि फैलाउने,
- आफ्नो जीवन जोखिममा पर्नसक्ने गतिविधिहरूमा संलग्न नहुने
- आफूहरूसँग सम्बन्धित विषयमा राज्यले सुझाव मागेको छ भने त्यसमा सुझाव दिने,
- आफूले पाएका अधिकार उपभोग गरी थप अधिकारका लागि समूहमार्फत आवाज उठाउने,
- अधिकार उपभोग सँगसँगै आफ्नो कर्तव्य र जिम्मेवारीप्रति पनि प्रतिबद्ध रहने।

मानवअधिकार र सामाजिक न्यायका निम्ति

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

कलंकी, स्यूचाटार, पो.ब.नं. २७२६, काठमाडौं, फोनः ४२७८७७०, फ्याक्सः ४२७०५५१

इमेलः insec@insec.org.np, वेबसाइटः www.inseconline.org